घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

खण्ड : २) जोमसोम, असोज ०६ गते, २०७८ साल (संख्या : ८)

## भाग—२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम घरपझोङ गाउँसभाले यो कार्यविधि बनाएको छ

**पशु/कृषि विकास सम्बन्धी फर्म दर्ता कार्यविधि, २०७८**

**पृष्ठभूमिः**

कृषि तथा पशु पालन क्षेत्रलाई परम्परागत तथा निर्वाहमुखी अवस्थाबाट आधुनिक तबरले व्यवसायीकरण गरेर प्रतिस्पर्धि रुपमा सक्षम बनाई उत्पादन र उत्पादकत्व बढाउनु आवश्यक छ। यसका लागि पशुपंक्षि/कृषिजन्य उत्पादन, प्रसोधन तथा बजारीकरण गरी कृषकलाई थप प्रतिस्पर्धी तथा उत्पादन मुखी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एंवम् पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउन र पशु/कृषि व्यवसायलाई आर्थिक उपार्जन ,स्वरोजगार प्रबर्द्धन एंवम् गरिवी न्यूनीकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउनुको साथै बढदो विदेश पलायन हुने दरलाई निरुत्साहित गरी यस गाउँपालिकामा कृषि तथा पशुपन्छीपालन व्यवसायको माध्यमबाट गाउँपालिकालाई आवश्यक पशु तथा कृषि जन्य मागलाई पूर्ति गरी बढी भएको उत्पादन गाउँपालिका बाहिर निर्यात गरी कृषि तथा पशु पालन व्यवसायबाट कृषकको जीवन स्तर उकास्नुको साथै यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न घरपझोङ गाउँकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम " पशु/कृषि विकास सम्बन्धी फर्म दर्ता कार्यविधि २०७८" रहेको छ। (२) यो कार्यविधि घरपझोङ गाउँपालिका गाउँ कार्यपलिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिका सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले घरपझोङ गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग) "कृषि समिति" भन्नाले घरपझोङ गाउँपालिकाको कृषि समिति सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले घरपझोङ गाउँपालिका पशु तथा कृषि विकास शाखा सम्झनु पर्दछ ।

ङ) "निजी फर्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस कार्यालयमा दर्ता भएको फर्म सम्झनु पर्दछ।

३. **उद्वेश्यहरु :**

क) पशु/कृषि सेवा सम्बन्धी कार्यक्रम संचालनमा सहयोग पुर्याउने ।

ख) गाउँ सभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई संचालन गर्न सहयोग पुर्याउने।

ग) संभाव्यता हेरी कृषि तथा पशु सम्बन्धी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने ।

घ) गाउँपालिकालाई दूध, मासु, अन्डा र माछामा आत्मनिर्भर बनाई निर्यात प्रवद्धनमा सहयोग पुर्याउने ।

ङ) पशु/कृषि व्यवसायको उद्यमशीलता प्रबर्धन एंवम् व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित बर्ग सम्म पुर्याउन सहयोग स्वरुप अनुदान प्रदान गर्ने ।

च) पशु/कृषि जन्य व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्यूनिकरण गर्ने।

छ) पशु/कृषि व्यवसायलाई प्रभावकारी तरिकाले संचालन गर्नको लागि विभिन्न प्रकारका बीउ, रसायनिक मल, कृषिऔजार तथा यी विषय क्षेत्र सम्बन्धी तालिमहरुलाई प्रभावकारीरुपमा संचालन गर्ने ।

## परिच्छेद २

## पशु/कृषि फर्म विकास सम्बन्धीको उपदेयता र वर्गीकरणको मापदण्ड

४. **पशु/कृषि फर्म दर्ताको उपदेयता, मापदण्डः (१) फर्म दर्ताका लागि निम्न वमोजिमका उपदेयता र वर्गीकरणको मापदण्ड :**

**(क) उपदेयता**

**१.** पशुपन्छी फर्म/ दाना पसल /एग्रोभेट/डेरी पसल /मासु पसल पशु विकास शाखामा अभिलेख राखी तिनीहरुको नियमन, प्रवर्धन र अनुगमन गर्ने ।

२. गाउँ सभाबाट स्वीकृत पशुपंक्षी फर्म प्रवर्धन र पशुपन्छी बजार प्रवर्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**(ख) व्यवसायिक पशुपन्छी फर्मको वर्गीकरणको मापदण्ड :** यस गाउँपालिकामा धेरै पालिने र व्यवसायिक रुपमा सञ्चालनमा आएको गाई, बाख्रा, बगुंर/सुंगुर , कुखुरा, माछालाई संख्याको आधारमा ३ वर्गमा साना व्यवसायिक फर्म, मझौला व्यवसायिक फर्म **र** ठूला व्यवसायिक फर्ममा बर्गीकरण गरिएको छ।

१. **व्यवसायिक गाई फर्मको बर्गिकरण :** यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ ।

क) **साना व्यवसायिक गाई फर्म :** २ देखि ५ वटा गाई पालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ।

ख)**मझौला व्यवसायिक गाई फर्मः** ६ देखि १० वटा गाई पालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ।

ग)**ठूला व्यवसायिक गाई फर्म :** ११ वटा भन्दा वढी गाई पालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ।

२. **व्यवसायिक बाख्रा फर्मको बर्गिकरण :** यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क) **साना व्यवसायिक बाख्रा फर्म** :२०-३० वटा माउ बाख्रा पालन गरी व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ ।

ख)**मझौला व्यवसायिक बाख्रा फर्म** : ३१-५० वटा माउ बाख्रा पालन गरी व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ ।

ग) ठूला व्यवसायिक बाख्रा फर्म : **५१** वटा भन्दा बढी माउ बाख्रा पालन गरी व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ ।

**३. व्यवसायिक बंगुर/सुंगुर फर्मको बर्गीकरणः** यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क) **साना व्यवसायिक बगुंर/सुंगुर फर्म** :पाठापाठी उत्पादनको लागि भए ५-१० वटा माउ बंगुर र मासुका लागि भए १०-२० वटा बंगुर पालन गरी व्यवसाय शुरु गरेको फर्मलाई मानिनेछ।

ख)**मझौला व्यवसायिक बगुंर/सुंगुर फर्म** : पाठापाठी उत्पादनको लागि भए ११-२० वटा माउ बंगुर र मासुका लागि भए कम्तिमा २१-३५ वटा बंगुर पालन गरी व्यवसाय शुरु गरेको फर्मलाई मानिनेछ।

ग)**ठुला व्यवसायिक बगुंर/सुंगुर फर्म** :पाठापाठी उत्पादनको लागी भए २१ वटा भन्दा बढी माउ बंगुर र मासुका लागि भए ३६ वटा भन्दा बढी बंगुर पालन गरी व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ।

४. **व्यवसायिक कुखुरा फर्मको बर्गिकरण** : यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

**क) साना व्यवसायिक कुखुरा फर्म** : १००-५०० वटा लेयर्स , ब्रोइलर वा ५०-१०० स्थानीय जातको कुखुरा , टर्की , हाँस , बट्टाइ पालन गरी व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ।

**ख) मझौला व्यवसायिक कुखुरा फर्म** : ५०१-३००० वटा लेयर्स , ब्रोइलर वा १०१-१००० स्थानीय जातको कुखुरा , टर्की , हाँस , बट्टाइ पालन गरी व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ।

**ग) ठुला व्यवसायिक कुखुरा फर्म** : ३००१ वटा देखि वढी लेयर्स , ब्रोइलर वा १००१ देखि वढी स्थानीय जातको कुखुरा , टर्की , हाँस , बट्टाइ पालन गरी व्यवसाय शुरु गरेको फर्मलाई मानिने छ।

५. **माछा पालन फर्मको बर्गिकरण** : यस फर्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

**क) साना व्यवसायिक माछा फर्म** :कम्तिमा १ रोपनी देखी ३ रोपनी सम्म पोखरी निर्माण गरी व्यवसायिक रुपमा माछा पालन व्यवसाय गरेको हुनु पर्नेछ ।

**ख) मझौला व्यवसायिक माछा फर्म** : कम्तिमा ४ रोपनी देखी ५ रोपनी सम्म पोखरी निर्माण गरी व्यवसायीक रुपमा माछा पालन व्यवसाय गरेको हुनु पर्नेछ ।

**ग) ठुला व्यवसायिक माछा फर्म** : कम्तिमा ६ रोपनी भन्दा बढी जग्गामा पोखरी निर्माण गरी व्यवसायिक रुपमा माछा पालन व्यवसाय गरेको हुनु पर्नेछ ।

(२) **मिश्रित फर्म : दफा ४ को उपदफा २ को खण्ड ख मा उल्लेख भएका** न्यूनतम आधार पुरा गरेर एक भन्दा बढी किसिमका पशुपंक्षी एउटै व्यक्तिले व्यवसायिक तबरले पालन गरेमा मिश्रित फर्मको दर्ता गर्नु पर्नेछ ।

**(३) उत्पादनको विक्रीको आधारमा पसलको बर्गीकरण :**

**क) मासु पसल :** दैनिक १० के.जी. भन्दा बढी मासु बिक्रि गर्ने मासु पसललाई दर्ता प्रकृयामा लगिने छ।

**ख) डेरी पसल :** दैनिक ३० लिटर भन्दा बढी दूध बिक्रि गर्ने डेरी पसललाई दर्ता प्रकृयामा लगिने छ ।

**ग) एग्रोभेट पसल :** प्रमाण-पत्र सहित खोलिएका एग्रोभेटहरुलाई आवश्यकता अनुसार शाखामा दर्ता गरिने छ ।

## परिच्छेद ३

## पशु तर्फको फर्म दर्ता प्रकृया

**५) पशु तर्फको फर्म दर्ता** : यस गाउँपालिका भित्रका पशुपन्छी व्यवसाय पेशा गर्दै आइरहेका अगुवा कृषकले आफ्नो फर्म गाउँपालिकामा दर्ता गर्न चाहेमा गाउँपालिका कृषि/ पशु प्राविधिक बाट फिल्ड अवलोकन गरी फर्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि/ पशु शाखामा फर्म दर्ता गरिनेछ।उक्त फर्म दर्ताको लागि निम्न वमोजिमको विवरण उपलब्ध गराउनु पर्नेछ ।

क) निवेदन अनुसूची १ बमोजिमको ढाँचा

ख) नेपाली नागरिकताको प्रमाण पत्रको छायाँप्रति

ग) २ प्रति पासपोर्ट साइजको फोटो

घ) चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का

ङ) जग्गा धनीको लालपूर्जाको छायाँप्रति

च) जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तिमा ५ बर्षको हुनु पर्ने)

छ) व्यक्तिगत वा संगोलमा भए स्वघोषणा/मञ्जुरीनामा

ज) राजश्व खातामा राजश्व बुझाएको रसिद

झ) सम्बन्धित वडा कार्यालयको सिफारिस

ञ) न्यूनतम मापदण्ड अनुसार व्यवसाय शुरु गरीसकेको वा व्यवसाय नविकरणको हकमा गाउँपालिकाका कृषि प्राविधिक, पशु सेवा/ पशु स्वास्थ्य प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन।

**द्रष्टव्यः** नयाँ व्यवसाय शुरु गर्ने कृषकलाई फर्म दर्ता प्रकृयामा लगिनेछ तर निजको प्रतिवद्धता अनुसार व्यवसाय शुरु गरेको हुनु पर्दछ। यदि निर्धारित समय सम्म पनि व्यवसाय शुरु नगरेको खण्डमा घरपझोङ गाउँपालिकाको निर्णय अनुसार फर्म खारेज वा कारवाही प्रकृयामा लगिनेछ ।

१. दर्ता भएको फर्म/एग्रोभेट/डेरी पसल/ मासु पसल लाई पशु विकास शाखाले आधिकारीक प्रमाण-पत्र उपलब्ध गराउनेछ ।

२. दर्ता भएको फर्म/एग्रोभेट/डेरी पसल/मासु पसलले प्रत्येक वर्ष नयाँ आ.व. शुरु भएपछि नवीकरण गर्नुपर्ने छ ।

३. यस कार्यविधि लागु हुनुभन्दा अगाडि दर्ता भएको १ वर्ष अवधि पुरा भएको फर्म/डेरी पसल/मासु पसल पनि नियमानुसार प्रत्येक वर्ष नयाँ आ.व. शुरु भएपछि नविकरण गर्नु पर्दछ ।

४. नयाँ फर्म/एग्रोभेट/डेरी पसल/मासु पसल दर्ता तथा नविकरणमा लाग्ने शुल्क घरपझोङ गाउँपालिकाले तोके बमोजिम हुनेछ।

५. दर्ता भएको फर्म/एग्रोभेट/डेरी पसल/मासु पसलको समय-समयमा अनुगमन गरिनेछ र कानुन विपरीत कामकाज गरेको पाइएमा घरपझोङ गाउँपालिकाको निर्णय बमोजिम कारबाही प्रकृयामा लगिनेछ।

## परिच्छेद ४
## कृषि तर्फको फर्म दर्ता प्रकृया

६. **<u>कृषि फर्म दर्ताको उपदेयता, मापदण्ड</u>ः (१)** कृषि फर्म दर्ताका लागि निम्न वमोजिमका उपदेयता र वर्गीकरणको मापदण्ड :

**(क) उपदेयता**

१) प्लाष्टिक टनेल खेती / खुल्ला तरकारी खेती / फलफुल खेती / च्याउ खेती / मौरी खेती दर्ता गर्न कृषि विकास शाखामा अभिलेख राखी तिनीहरुको नियमन, प्रबर्धन र अनुगमन गर्ने,

२) गाउँ सभाबाट स्वीकृत कृषि फर्म प्रबर्धन र कृषि बजार प्रबर्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**(ख) कृषि फर्म दर्ताको न्यूनतम मापदण्ड :**

१) **प्लाष्टिक टनेल खेती :** प्याष्टिक टनेल कम्तिमा ५/१० मिटरको १ वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको हुनु पर्दछ ।

२) **खुल्ला तरकारी खेती** : यस तरिकाबाट तरकारी खेती गर्दा कम्तिमा १ रोपनी भन्दा बढीमा व्यवसायिक रुपमा तरकारी सात महिना उत्पादन गरेको हुनुपर्नेछ।

३) **फलफुल खेती** : फलफुल खेतिहरु जस्तैः स्याउ,आरु,ओखर,खुर्पानी,कागजी बदाम, नासपती, आरुबखडा,चिली आदिको हकमा व्यवसायिक रुपमा ३ रोपनी भन्दा बढिमा फलफुल खेति गरिएको हुनु पर्नेछ ।

४) **च्याउ खेती :** च्याउ खेती व्यवसायिक रुपमा करिब २ वटा च्याउ घर (५/१०मिटर) निर्माण गरी खेती गरेको हुनुपर्दछ।

५) **मौरी खेती** : मौरी पालनको हकमा आधुनिक घार ५ वटा घार भन्दा बढिमा पालन गरेको हुनुपर्नेछ।

## परिच्छेद ५
## कृषि फर्म दर्ताको प्रक्रिया

**७.कृषि फर्म दर्ताको लागि आवश्यक प्रक्रिया** : यस गाउँपालिका भित्रका कृषि पेशा गर्दै आइरहेका अगुवा कृषकले आफ्नो फर्म गाउँपालिकामा दर्ता गर्न चाहेमा गाउँपालिका कृषि/ पशु प्राविधिक बाट फिल्ड अवलोकन गरी फर्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि शाखामा फर्म दर्ता गरिनेछ। गरिनेछ।उक्त फर्म दर्ताको लागि निम्न वमोजिमको विवरण उपलब्ध गराउनु पर्नेछ ।

क) निवेदन
ख) नेपाली नागरिकताको प्रमाण पत्रको छाँयाप्रति
ग) २ प्रति पासपोर्ट साइजको फोटो
घ) चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
ङ) जग्गा धनीको लालपूर्जाको छायाँप्रति
च) जग्गा भाडामा भए सो को सम्झौता पत्र ( कम्तिमा ५ बर्षको हुनु पर्ने)
छ) व्यक्तिगत वा संगोलमा भए स्वघोषणा / मञ्जुरीनामा
ज) राजश्व खातामा राजश्व बुझाएको रसिद
झ) सम्बन्धित वडा कार्यालयको सिफा
ञ) न्यूनतम मापदण्ड अनुसार व्यवसाय शुरु गरिसकेको वा व्यवसाय
ट) नविकरणको हकमा गाउँपालिकाको कृषि/ पशु प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन,
ठ) व्यवसायिक योजना, (स्किम)

## परिच्छेद ६
## पशु/कृषि फर्म दर्ता शुल्क

८. दर्ता शुल्कः (१) फर्म दर्ता गर्दा कार्यालयले गाउँसभाबाट तोकिएको शुल्क लिई दर्ता गर्नु पर्दछ र सो फर्मलाई अनुसूची ४ बमोजिम प्रमाण पत्र दिनु पर्दछ र सो को अभिलेख फाराम नं १ को ढाँचामा राखुपर्दछ। यसरी दर्ता गरिएको फर्मको अवधि १ वर्षको हुनेछ।

## परिच्छेद ७

## पशु/ कृषि फर्म नविकरण

९. **पशु/ कृषि फर्म नविकरण :** दर्ता गरेको आर्थिक वर्ष बाहेक २ (दुई) वर्षमा फर्महरुको नविकरण आर्थिक ऐनमा तोके बमोजिमको रकम तिरी नविकरण गर्नु पर्दछ। व्यवसायी फर्मले म्याद समाप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित कार्यालयमा गई नविकरण गराई सक्नु पर्नेछ। उक्त अवधी भित्र फर्मको नविकरण नगराएमा तोकिए बमोजिमको थप जरिवाना समेत लाग्नेछ । नविकरण गरिएका फर्महरु फाराम नं. २ बमोजिमको ढाँचामा राखिनु पर्नेछ।

## परिच्छेद ८

## पशु/ कृषि फर्मको नामसारी

१०. **पशु/ कृषि फर्मको नामसारी :** (१) आफुले संचालन गरेको फर्म संचालन गर्न नसक्नाको कारण खुलाई अन्य व्यक्तिको नाममा नामसारी गर्न चाहेमा आवश्यक प्रक्रिया पूरा गरीनामसारी गर्न सकिनेछ । (२) फर्मको प्रोप्राइटरको मृत्यू भई फर्मको नामसारी गर्नु पर्ने भएमा उक्त फर्म धनीको शेषपछिको नजिकका अंशियारहरुले आपसी मन्जुरीको कागज, सक्कल नागरिकता, नाता प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र र अन्य आवश्यक काजगपत्र सहित दरखास्त दिएमा सम्वन्धित सवैको सनाखत गराई माग वमोजिम कार्यालयले नामसारी गरी दिन सकिनेछ । फर्मको नामसारीको लागि दरखास्त दिने अंशियारहरु बिच तेरोमेरो भई विवाद देखिएमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा हकदावी सम्वन्धी ३५ दिने सूचना प्रकाशित गर्न लगाई कानून बमोजिम आवश्यक कारवाई गरिनेछ।

११. **पशु/कृषि फर्मको नामसारीका लागि आवश्यक कागजातहरु**

(क) नामसारीको लागि दर्खास्त फारम

(ख) फर्मको सक्कल प्रमाणपत्र ।

(ग) आयकर प्रमाणपत्र (स्थायी लेखा नम्बर) को प्रतिलिपि ।

(घ) नामसारीका लागि फर्म लिने दिने दुवै व्यक्ति स्वयं उपस्थित हुनुपर्ने र लिनेको हालसालै खिचेको पासपोर्ट साइजको तीन प्रति फोटो तथा सक्कल नागरिकता ।

(ङ) अघिल्लो आ.व.को कर तिरेको निस्सा ।

## परिच्छेद ८

## पशु/ कृषि फर्मको खारेजी

१२. **प्राइभेट फर्म खारेजी सम्वन्धी प्रावधानः (१)** देहायको अवस्थामा सम्बन्धीत शाखाको सिफारिसमा फर्म खारेजी गर्न सक्नेछ।

क) तोकिएको अवधी भित्र नवीकरण नगराएमा ।

ख) फर्मका धनीले मुनासिव कारण दर्शाइ आफ्नो फर्म खारेजी गरी पाऊँ भनी सम्वन्धित कार्यालयमा निवेदन दिएमा ।

ग) एउटै व्यक्तिको नाममा एकभन्दा बढी फर्म दर्ता गरेको देखिन आएमा ।

घ) कार्यालयले फर्म सम्बन्धी विवरण माग गर्दा तोकिएको अवधी भित्र सो विवरण पेश नगरेमा ।

ङ) फर्मले कानून बमोजिमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ।

१३. **फर्म खारेजी सम्वन्धी प्रक्रियाः** (१) फर्म खारेजीका लागि सम्बन्धी प्रक्रिया अपनाउनु पर्नेछ।

क) फर्मको प्रोपाइटर सक्कल नागरिकता सहित स्वयम् उपस्थित भई दरखास्त दिनु पर्नेछ । प्रोपाइटर स्वयम् उपस्थित हुन नसक्ने अवस्थामा निजको नजिकको हकवाला प्रोपराइटरको मन्जुरीनामा, नाता प्रमाणपत्र तथा आवश्यक कागजात सहित उपस्थित भएमा प्राइभेट फर्म खारेज गरी दिन सकिनेछ ।

ख) फर्मको प्रोप्राइटरको मृत्यू भई फर्मको खारेजी गर्नु पर्ने भएमा उक्त फर्म धनीको शेषपछिको नजिकका अंशियारहरुले आपसी मन्जुरीको कागज, सक्कल नागरिकता, नाताप्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र र अन्य आवश्यक काजगपत्र सहित दरखास्त दिएमा कार्यालयमा सम्वन्धित सवैको सनाखत गराई माग वमोजिम फर्म खारेज गरी दिन सकिनेछे । फर्मको खारेजीको लागि दरखास्त दिने अंशियारहरु विच तेरोमेरो भई विवाद देखिएमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा हकदावी सम्वन्धी ३५ दिने सूचना प्रकाशित गर्न लगाई कानुन वमोजिम आवश्यक कारवाई गरिनेछ ।

ग) मिति २०६० चैत्र मसान्त भित्र नवीकरण हुन नसकेको प्राइभेट फर्मको धनीले कर तिरेको निस्सा सहित निवेदन दिएमा रु १०० निवेदन दस्तुर लिई उक्त फर्म खारेज गरी दिन सकिनेछ ।

१४. **प्राइभेट फर्म खारेजीका लागि आवश्यक कागजातहरु**

क) खारेजीको लागि तोकिएको ढांचाको निवेदन,

ख) फर्म दर्ताको सक्कल प्रमाण पत्र,

ग) स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्रको प्रतिलिपि

घ) अघिल्लो आ.व को कर तिरेको निस्सा

**१५.** **फर्मको संशोधन, नामसारी र खारेजी गर्दा लाग्ने दस्तुर :** फर्मको संशोधन, नामसारी र खारेजी गर्दा लाग्ने दस्तुर आर्थिक ऐनमा तोके बमोजिम हुनेछ।

## परिच्छेद ८

## विविध

**१६.** **संशोधन वा हेरफेरः** (१) कार्यपालिकाले समितिको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

**१७.** आवश्यक व्यवस्था गर्न सक्नेः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

**फर्म दर्ताको लागी निवेदनको ढाँचा**

**मिति : ...........................**

**श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू ,**
घरपझोङ गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
पशु विकास/कृषिविकास शाखा, जोमसोम

**विषय : फर्म दर्ता गरी पाउँ।**

महोदय,

प्रस्तुत विषयमा घरपझोङ गाउँपालिका वडा नं. .....मा मैले ...........गोटा संख्यामा मिति........... देखि ...................पालन गर्दै आइरहेको वा मिति .................भित्रमा .............गोटा संख्यामा व्यावसायिक रुपमा ..............पालन गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु. ..............................को कारोबार हुने गरी ......................................................................नामको फर्म दर्ता गरी पाउ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी रु. १० को टिकट टास गरी फर्म दर्ताको लागी यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु

- ✓ निवेदन
- ✓ नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
- ✓ चार किल्लाको प्रमाणित सर्जमिन मुचुल्का
- ✓ जग्गा भाडामा भए सो को सम्झौता पत्र
- ✓ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा / मञ्जुरीनामा
- ✓ राजश्व खातामा राजस्व बुझाएको रसिद
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस
- ✓ वडाको पशुसेवा/ पशुस्वास्थ्य प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन
- ✓ व्यवसायिक योजना
- ✓ जग्गा धनीको लालपुर्जाको छाँयाप्रति

**निवेदक**

**दस्तखतः**
**नामः**
**ठेगानाः**
**सम्पर्क नं. :**

**कबुलियतनामा**

लिखितम् ............. को नाती ............................ को छोरा .................. वस्ने वर्ष...........को............................आगे..............................................................को नामले फर्म दर्ता गर्न मैले यस कार्यालयमा दरखास्त दिएकोमा उक्त फर्म दर्ता सम्बन्धमा प्रचलित ऐन कानून र तलका शर्त समेत पालना गरी काम गर्नेछु । सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मन्जुर छ/छैन भनि यस कार्यालयबाट सोधनी भएकोमा मेरो चित्त बुझ्यो । यसमा प्रचलित ऐन कानून र तपसीलमा लेखिएका शर्त उलंघन गरेको देखिएमा प्रचलित

ऐन कानून वमोजिम सहुंला बुझाउंला भनि मेरो मनोमानी राजी खुशीसंग यो कवुलियतनामाको कागज लेखी घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयमा चढाएं ।

**तपसील**

१. यो .................................. नामको फर्म दता हुनु भन्दा पहिले अरु कसैले यो फर्मको नामसंग मिल्ने गरि फर्म दर्ता गरिसकेको भए सो को सूचना पाउनासाथ तुरुन्तै यो फर्म खारेज गरि अर्को नाम राखी फर्म दर्ता गर्न आउनेछु । सूचनामा उल्लेखित म्याद भित्र नआएको कारणले फर्मलाई स्वतः खारेज गरिएमा पछि कुनै दाबी गर्नेछैन ।

२. यो फर्मको साइनबोर्ड राख्नु पर्दा ठूलो नेपाली अक्षरबाट लेखी सो को मुनितिर सुविधाको निमित्त सानो अंग्रेजी अक्षरमा लेख्नेछु ।

३. यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ती गर्नु परेमा आवश्यक स्वीकृति प्राप्त गरेर मात्र गर्नेछु ।

४. यस भन्दा अगाडी मेरो नाउँमा अरु कुनै फर्म दर्ता गरि राखेको छैन । यस भन्दा अगाडी मेरो नाउंमा ........................... मा फ.द.नं...................बाट .................. नामको फर्म दर्ता गरी राखेकोमा हाल सो फर्म खारेज भई कानून वमोजिम पुनः अर्को दर्ता गर्न मिल्ने भएबाट यो फर्म दर्ता गर्न ल्याएको छु ।

**दस्तखत**

**प्रोप्राईटरको पूरा नाम**

अनुसूची २

**फर्म नविकरणका लागी निवेदनको ढाँचा**

मितिः २०.../.../..

**श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू ,**
घरपझोङ गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
जोमसोम, मुस्ताङ ।

विषयः फर्म नविकरण गर्ने बारे।

उपयुक्त विषयमा त्यस कार्यालयमा दर्ता रहेको ............................नं. को ................................................ नाउँको प्रा. फर्म नवीकरण गराउन पर्ने भएकोले नवीकरणको लागि आवश्यक हुने निम्न कागजातहरु यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु, । कृपया नियमानुसार उक्त फर्म नवीकरण गरिदिनु हुन अनुरोध गर्दछु ।

**निवेदक,**
**दस्तखत**
**नाम**
**ठेगाना**
**फर्मको छाप**

**संलग्न कागजातहरु**

१. सक्कल प्रमाणपत्र
२. आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
४. लेखा परीक्षण प्रतिवेदन
५. अन्य (भएमा उल्लेख गर्ने)

अनुसूची ३

**फर्म खारेजी लागी निवेदनको ढाँचा**

मितिः २०.../.../..

**श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू ,**
घरपझोङ गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
पशु विकास/कृषिविकास शाखा, जोमसोम ।

विषय ; फर्म खारेजी सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा मेरो नाममा यस कार्यालयमा दर्ता भएको नं...................................को नामको प्राईभेट फर्म........................................................... कारणले खारेज गरी पाउन रु. ५ को टिकट टांसी यो निवेदन दिएको छु । उक्त फर्मको नामबाट नेपाल सरकार र अन्यकुनै निकायमा कुनै राजस्व र अन्य रकम वुझाउन बांकी छैन । कुनै किसिमको रकम वा राजश्व वुझाउन बांकी देखिएमा पछि कुनै उजुर बाजुर नगरी सम्बन्धित निकायमा बुझाउन मेरो मन्जुरी छ । नियमानुसार लाग्ने दस्तुर लिई उक्त फर्म खारेज गरी पाउन श्रीमान् समक्ष अनुरोध गर्दछु ।

**निवेदक,**
**दस्तखत**
**नाम**
**ठेगाना**
**फर्मको छाप**

संलग्न कागजातहरु
१. सक्कल प्रमाणपत्र
२. आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
४. लेखा परीक्षण प्रतिवेदन
५. अन्य (भएमा उल्लेख गर्ने

| दायाँ | बायाँ |
| --- | --- |
| | |

अनुसूची ४

पशु/कृषि फर्म दर्ताको प्रमाण-पत्रको ढाँचा

**घरपझोङ गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**गण्डकी प्रदेश, जोमसोम, मुस्ताङ**

PP size
हालसालै खिचेको फोटो
टाँस्नु होस्।

# फर्म दर्ताको प्रमाण-पत्र

**दर्ता नं. :**

निम्न लिखित विवरण भएको ............................................... लाई संवत् २० ......साल ......महिना....... गते... रोजमा पशु/कृषि विकास सम्बन्धी फर्म दर्ता कार्यविधि, २०७८ बमोजिम दफा ... को उपदफा ... को खण्ड ..... मापदण्ड बमोजिमको ..................................फर्म दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

विवरण

प्रोपाईटरको नाम थर, वतन,

ठेगानाः

ना.प्र.प.नंः

फर्मको ठेगानाः

कुल पूँजी रु.: स्थिर पूँजी रुः चालु पूँजी रुः

उद्देश्य :

फर्मको शाखा

वार्षिक उत्पादन क्षमता : परिमाण : मुल्यः

प्रमाणित गर्ने

**प्रमुख प्रशासकीय अधिकृत**

द्रष्टव्यः हरेक २ वर्षमा नविकरण गर्नु पर्नेछ, अन्य नियम पशु/कृषि विकास सम्बन्धी फर्म दर्ता कार्यविधि बमोजिम हुनेछ।

| क्र.स. | नविकरण गरेको मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं ३ मिति | नविकरण गर्ने आधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

फाराम नं १

# फर्म दर्ता विवरण किताबको ढाँचा

## घरपझोङ गाउँपालिका

## गाउँ कार्यापालिकाको कार्यलय

## कृषि/पशु विकास शाखा

जोमसोम, मुस्ताङ

| दर्ता नं. मिति | फर्मको नाम र ठेगाना | प्रोपटइटरको नाम | बाबुको नाम | बाजेको नाम | पति/पत्निको नाम | फर्मको उद्देश्य | कारोबार गर्ने मुख्य चिज वस्तुको नाम | पूँजी लगानी | दर्ता दस्तुर | | सम्पर्क नं. | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | रकम | रसिद नं. | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

फाराम नं २

# फर्म नविकरण दर्ता किताबको ढाँचा

## घरपझोङ गाउँपालिका

## गाउँ कार्यापालिकाको कार्यलय

## कृषि/पशु विकास शाखा

जोमसोम, मुस्ताङ

फर्मको नाम र ठेगानाः फर्म दर्ता नं.: फर्म दर्ता मितिः

प्रो........................................... बर्गीकरणः

| सि नं. | नविकरण भएको मिति | दर्ता नविकरण दस्तुरको रसिद नं | नविकरण दस्तुर | दस्तुर बुझाएको मिति | नविकरण बहाल रहने अवधि | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | |
| | | | | | | | |

**आज्ञाले,**

नामः गौरी प्रसाद आचार्य

**प्रमुख प्रशासकीय अधिकृत**

मितिः २०७८/०६/०६ गते